पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

प.सं.: ०७६/७७
च.नं.

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मितिः २०७६/११/२२

## आदरणिय नगरवासीहरुमा नोवेल कोरोना भाइरस बारे हार्दिक अपिल

छिमेकि राष्ट्र चीनबाट सुरु भएको कोरोना भाइरस संक्रमणले हाल विश्वनै त्रस्त रहेको तथ्य विदितै छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत देशभर सभा, सम्मेलन, भेला, महोत्सव लगाएत ठूलो भिडभाड हुने कार्यक्रम नगर्न सार्वजनिक अपिल गरिसकेको छ । यस विषम परिस्थितलाई ध्यानमा राखि कोरोना भाईरस संक्रमणबाट बच्न र बचाँउन यस नगरक्षेत्रका सरकारी, गैरसकारी निकाय, संघ/संस्थालाई कुनै किसिमका ठूला सभा, मेला महोत्सव, महायज्ञ, भेला, भोज, भतेर लगायत अत्याधिक भिड जम्मा हुने कार्यक्रम संचालन नर्गनका लागि पाँचखाल नगरपालिका हार्दिक अनुरोध गर्दछ । साथै कोरोना भाइरस संक्रमण बाट सचेत भई आफ्नो स्वास्थ्य स्थिति बारे चनाखो रहन नियमित सरसफाईमा ध्यान दिन, भिडभाड, ठूलो जमात हुने स्थल, सभा सम्मेलन, जस्ता कार्यक्रममा नजान र रुघा खोकी ज्वरोको संक्रमण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा परिक्षण गराउन सम्पूर्ण नगरवासी एवं आम नागरिकहरुमा हार्दिक अपिल गर्दछौं ।

नगरका स्वास्थ्य क्षेत्रका सम्पूर्ण कर्मचारीहरुलाई अर्को सूचना जारी नभएसम्मका लागि विदा/काजमा नवस्न परिपत्र गरिसकिएको व्यहोरा जानकारी गराईन्छ ।

**"कोरोना भाइरस संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔ।"**

उज्जवल अधिकारी
स्वास्थ्य शाखा संयोजक